नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग
पुल्चोक, ललितपुर
२०६८

# सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, पुल्चोक ललितपुर

## प्रेस विज्ञप्ति

(अभियोग पत्र दायर गरिएको सम्बन्धमा जारी)

अस्थाई प्रहरी पोष्ट जोतपुर बाराबाट खटिएको प्रहरी गस्ति टोलीले भारतबाट BR05Y6417 नम्बरको प्लाटिजना मोटरसाईकलमा २ (दुई) जना चढी नेपाल तर्फ शंकास्पद अबस्थामा उक्त मोटरसाईकल चेकजाँच गर्दा पछि नाम थर वतन खुल्न आएका मोटरसाईकल चालक भारत देश बिहार, जिल्ला मोतिहारी, थाना हरपुर, ग्राम पंचायत हरपुर वडा नं. १०, घोडासहन बस्ने प्रभु साहको छोरा बर्ष-२६ को अरबिन्द महतो र पछाडी बस्ने बर्ष-१४ को परिवर्तित नाम कलैया ३३ छ १३९ समेतले बिचमा च्यापी राखेको Rani लेखिएको कपडाको झोलाभित्र लुकाई-छिपाई ल्याएको नेपाली नगद रुपैया ४९,०००००।- (उनान्पचास लाख रुपैयाँ) फेला परेको हुँदा सो सम्बन्धमा सम्पत्ति शुद्धीकरणको कसुरमा अनुसन्धान तथा कारवाहीका लागि प्राप्त सूचना उपर जाँचबुझ एवं अनुसन्धान हुँदा अनुसन्धानका क्रममा संलग्नता खुल्न आएका प्रतिवादी राजकिशोर भन्ने दिनेश प्रसाद कुशवाहा समेतले उक्त रकम भारतबाट नेपाल ल्याई गैरकानूनी स्रोत लुकाउने वा छल्ने तथा स्थानान्तरण समेत गरी गराई सम्पत्ति शुद्धीकरणको कसूर गरेको पुष्टि हुन आएकोले बिगो रु.४९,००,०००/- कायम गरी प्रतिवादीहरु अरविन्द महतो र राजकिशोर भन्ने दिनेश प्रसाद कुशवाहा उपर सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३(१)(क)(ख)(ग) तथा उपदफा (३) बमोजिमको कसूरमा सोही ऐनको दफा ३०(१) बमोजिम सजाय हुन र सोही ऐनको दफा ३४(१)(क)(ख) बमोजिम प्रस्तुत मुद्दामा गैरकानुनी स्रोतबाट प्राप्त बरामदित रकम रु.४९,००,०००/- र उक्त रकम सम्पत्तिको शुद्धीकरण सम्बन्धी कसूर गर्न प्रयोग गरिएको BR 05 Y 6417 नं. को भारतीय मोटरसाईकल समेत जफत गरी पाउन मागदावी लिई र अर्का प्रतिवादी रमेश जी भन्ने रमेश प्रसाद कुशवाहाले गैरकानूनी स्रोतबाट प्राप्त गरिएको बरामदीत रकमको शुद्धीकरण गर्ने कसूरको षडयन्त्र गरेको/गराएको तथ्यलाई थप पुष्टी गरेको देखिँदा निजलाई विगो रु. ४९,००,०००/- कायम गरी सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३(२) बमोजिमको कसूरमा सोही ऐनको दफा ३०(२) बमोजिम सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरको षडयन्त्रमा सजाय हुन मागदावी लिई आज मिति २०७८/१/१९ गते सम्मानित विशेष अदालत काठमाडौंमा अभियोग पत्र दायर गरिएको छ ।

सूचना अधिकारी